मानेभन्ज्याङ गाउँपालिका

# विनियोजन विधेयक, २०८२

सभामा पेश गरेको मितिः२०८२/०३/१०

मानेभन्ज्याङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मानेभन्ज्याङ

कोशी प्रदेश, ओखलढुङ्गा

CamScanner

# मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन विधेयक, २०८२

सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

प्रस्तावनाः
मानेभन्ज्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मानेभन्ज्याङ गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयनका लागि यो विधेयक बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस विधेयकको नाम "मानेभन्ज्याङ गाउँपालिकाको विनियोजन विधेयक, २०८२" रहेको छ ।
(२) यो विधेयक सभाबाट स्वीकृत भई ऐन बनेपछी तुरुन्त लागु हुनेछ ।

**२.आर्थिक वर्ष २०८/८२ को निमित्त स्थानीय सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**
(१) आर्थिक वर्ष २०८२/८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ५३,०९,०४,००० (अक्षेरुपी त्रिपन्न करोड नौ लाख चार हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः
(१) यो विधेयक स्वीकृत भई ऐन बनेपश्चात स्थानीय सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को निमित्त मानेभन्ज्याङ गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्चतर्फ विनियोजित रकम अन्य चालु खर्च शीर्षकतर्फ रकमान्तर सकिने छैन ।
तर, चालु तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

CamScanner

४. कार्यविधि र मापदण्ड बनाउन सक्नेः (१) यस विधेयकलाई कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

### स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शिर्षक | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| | गाउँपालिकास्तरीय | २,४७,४०,००० | ४,९८,०९,६०० | ७,४५,४९,६०० |
| | वडा कार्यालय | १,२९,३५,००० | २,०३,६५,००० | ३,३३,००,००० |
| | शिक्षा शाखा | २,३५,९०,००० | ० | २,३५,९०,००० |
| | स्वास्थ्य शाखा | ९१,७५,००० | ६४,५०,००० | १,५६,२५,००० |
| | कार्यालय सञ्चालन प्रशासनिक | ७,६७,४०,४०० | ३१,०५,००० | ७,९८,४५,४०० |
| | महिला विकास शाखा | ६,००,००० | ० | ६,००,००० |
| | संघीय सरकार सशर्त अनुदान | २२,९३,००,००० | २,३६,००,००० | २५,२९,००,००० |
| | संघीय सरकार विशेष अनुदान | १,६५,००,००० | -- | १,६५,००,००० |
| | संघीय सरकार समपूरक अनुदान | - | १,२२,००,००० | १,२२,००,००० |
| | प्रदेश सशर्त अनुदान | २२,६४,००० | ५५,३०,००० | ७७,९४,००० |
| | प्रदेश सशर्त समपूरक | - | १,४०,००,००० | १,४०,००,००० |
| | **जम्मा** | **३९,५८,४४,४००** | **१३,५०,५९,६००** | **५३,०९,०४,०००** |

मितिः २०८२ असार १० गतेको गाउँसभाबाट पारित भए अनुसार प्रमाणीकरण गर्दछु ।

२०८२/०३/१२

ज्ञानेन्द्र रूम्दाली
अध्यक्ष

CamScanner